नेपाल राजपत्र

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३२) काठमाडौं, चैत ७ गते २०३९ साल (संख्या ४७

श्री ५ को सरकार

सामान्य प्रशासन मन्त्रालयको

सूचना

श्री ५ को सरकारले मिति ०३९।१०।२६ को निर्णय अनुसार प्रशासकीय कार्य-विधिलाई विकासमूलक बनाउन सुधार गर्ने सम्बन्धमा देहायबमोजिम व्यवस्था गरेकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

(क) निर्णय दिने अधिकारीभन्दा एकतह मुनिको पदाधिकारीले टिप्पणी आदेश निकासाको लागि पेश गर्ने–

कुनै पनि विषयमा निर्णय लिने क्रममा संगठनभित्रका सम्पूर्ण श्रेणीमा रहेका अधिकृतहरूलाई संलग्न गराउँदा असम्बन्धित तहमा हुने अलमलबाट एकातिर अनावश्यक रूपमा समयको वर्बाद हुने र अर्कातिर सम्बन्धित तहले यथेष्ट ध्यान नदिने प्रवृत्ति बढन जाने हुँदा निर्णयको तह घटाउन जरूरी भएकोले कुनै पनि विषयमा निर्णय गर्दा सो निर्णय गर्न लागिएको विषय जुन अधिकृतको अधिकार क्षेत्रभित्र पर्दछ सोभन्दा एक श्रेणीमुनिका अधिकृतले पेश गरी तत्कालै निर्णय हुने प्रथा बसाल्ने ।

(ख) चिट्ठीमा लागेको तोक आदेशलाई नै निर्णय मानी कार्य सम्पादन गर्ने–

कुन कुन विषयमा कुन तहले निर्णय गर्ने भन्ने कुरा संगठन दिग्दर्शनमा उल्लेख भए बमोजिम निर्णय बिन सक्ने अधिकार प्राप्त अधिकृतले प्राप्त चिट्ठीमा तोक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएको छ, मोक लागु हुने छ।

आदेश लेखी दिएको छ भने सो विषय उपर पुनः टिप्पणी वा निकासाको लागि पेश गर्ने प्रथा अन्त गरी सो तोकलाई नै आदेश वा निर्णय भएको मानी कार्य सम्पादन गर्ने प्रथा बसाल्ने ।

(ग) प्रस्ताव तयार गर्ने कार्य उप-सचिवको तहबाट गर्ने--

मन्त्रिपरिषद्मा पेश गरी निर्णय गराउनु पर्ने विषयहरूमा तल्लो तहको संलग्नता नगराई सम्बन्धित शाखा प्रमुख (उप-सचिव वा सो सरह) तहबाट नै कारवाहीको उठान हुनुपर्ने प्रथा बसाल्ने ।

(घ) बैठकको निर्णयलाई अन्तिम मानी कारवाही गर्ने र अन्य कुनै राय भएमा सो जनाई सम्बन्धित अधिकारीको दस्तखत गराउने--

विभिन्न मन्त्रालयको प्रतिनिधित्व गर्ने पदाधिकारीहरू बसी विस्तृत छलफल गरी निर्णय भैसकेको विषयहरू उपर पनि पुनः औपचारिक रूप दिने क्रममा बैठकको निर्णयको अंशलाई पुनः सम्बन्धित मन्त्रालयको सहमतिको लागि लेख्ने गरिएको छ । तसर्थ कुनै कुरा लागु गर्ने गरी बैठकबाट निर्णय भएको भए जुन तहको पदाधिकारीको स्तरबाट निर्णय भएको छ सो पदाधिकारीको सिधा आदेशबाट तुरुन्त लागु गर्ने वा माथिल्लो तहमा पेश गर्नुपर्ने भएमा माइन्यूट कापी नै विधिवत् रूपमा पेश गर्ने प्रथा बसाल्ने ।

विभिन्न विषयहरूमा गठित विशेषज्ञ समिति वा अन्य समितिहरूको बैठकमा ऐन नियमले तोकेको कार्यालय वा पदाधिकारीको राय परामर्श लिनु पर्ने भनी उल्लेख भए बमोजिम औपचारिक प्रतिनिधित्व गरी भए गरेको निर्णयलाई व्यक्तिगत हैसियतमा भए गरेको निर्णय नमानी औपचारिक निर्णय नै मान्नु पर्ने व्यवस्था गर्ने ।

(ङ) पुनः औपचारिक कारवाहीको लागि सम्बन्धित मन्त्रालयहरूमा नपठाई सम्बन्धित सबैको दस्तखत गराई मन्त्रिपरिषद् सचिवालयले ठाडो प्रस्ताव उठाउने--

मन्त्रिपरिषद् उप-समिति तथा सचिव बैठकबाट सम्बन्धित विषयमा निर्णय भैसकेपछि सो निर्णयको अंश पनि पुनः सम्बन्धित मन्त्रालयमा औपचारिक अनुमोदनको लागि पठाउने भैरहेको व्यवस्था अन्त गरी बैठकबाट पारित विषयलाई बैठकमा उपस्थित पदाधिकारीहरूको दस्तखत गराई निर्णय भएका विषयहरू मन्त्रिपरिषद् सचिवालयले नै ठाडो प्रस्ताव उठाउने गर्ने ।

आज्ञाले,
मङ्गलकृष्ण श्रेष्ठ
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।